# दलित सामाजिक बिकास केन्द्र

## क.व.न.पा.-५, कपिलबस्तु

**पृष्ठभूमि : -** सामाजिक विभेदको कारण दलित, महिला र विपन्न समुदायका व्यक्तिहरुको बर्षो देखि सामाजिक, राजनीतिक र आर्थिक अधिकार बाट बंचित रहनुका साथै पछाडि समेत पारिएका छन् । यसरी निरन्तर बञ्चितिकरणमा परेका दलित, महिला, किशोर किशोरी, अपाङ्गता भएका व्यक्ति, गरिब, तथा पिछडिएका समुदायलाई सचेत र संगठित गराई उनीहरुको हक अधिकार बारे पैरबी गर्नुका साथै गरीबी न्यूनीकरण गर्ने उद्देश्यले २०६१ सालमा गा.पा.गोटिहवा-९ मा दलित सामाजिक विकास केन्द्र स्थापना भएको हो । यो संस्था दलित र उत्पीडित समुदायको उत्थान गर्ने, गैर नाफामुलक स्वतन्त्र सामाजिक संस्था हो ।

**परिकल्पना : विभेद रहित समतामूलक समाज**

**परिभाषा :** जातिय, लैगिंक विभेदको अन्त्य, महिला तथा बालबालिकाहरुको स्थानीय तहमा स्रोतसाधन तथा निर्णयमा पहुँच भएको तथा अपाङ्गता भएका व्यक्तिहरु आफ्नो क्षमताको पूर्ण उपयोग भएको, स्वतन्त्र र सम्मानित जीवन यापन भएको हुनेछ ।

**संस्थाको ध्येय :**

जातजाति, लिंग, वर्ग, धर्म सम्प्रदायको आधारमा गरिने सबै प्रकारका भेदभावको अन्त गर्ने ।

**संस्थाको लक्ष्य**

- भेदभाव रहित जीवनयापन गर्न सकिने अवसरको सिर्जना भएको हुने छ ।
- सेवा सुविधा वाट बञ्चित रहेको पछाडि पारिएका लक्षित वर्गहरुले राज्यको मुलधारमा समावेश भएको हुने छन ।
- स्वतन्त्र र सम्मानित जीवन निर्वाह गर्न सकिने क्षमता भएका हुने छन ।
- आर्थिक, सामाजिक, राजनीतिक तथा मानवीय क्षेत्र बाट पछाडीपारिएका समुदायलाई सो क्षेत्रमा पहुँच भएको हुनेछ ।
- गरिब, दलित, महिला, बालबालिका र अपाङ्गता भएको व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगरी तथा निर्णायक तहमा सहजरुपमा पहुँच भई सम्मानित जीवन यापन भएको हुने छ ।

**उदेश्य :-**

- ग्रामीण क्षेत्रमा स्वास्थ्य र शिक्षा सर्वसुलभ तरीकाबाट उपलब्ध गराउन सुधारात्मक निरोधात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाका साथै प्रजनन स्वास्थय र बाताबरणीय सरसफाई कार्यक्रम संचालन गर्ने ।
- जातिय भेदभाव छुवाछुत, सामाजिक शोषण एंव अन्धविश्वास विरुद्ध जागरण ल्याई आधारभूत मानव अधिकारका सवालमा जनवकालत गर्ने ।
- विभिन्न परिवारको आर्थिक विकास गर्नका लागि कृषि,बन पशुपालनमा विशेष सहयोग दिई आय आर्जन र वचत कार्यमा अग्रसर वनाउने तथा बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति र बृद्धहरुको संरक्षण र सम्बर्द्धन गर्ने ।
- लैङ्गिक समानतामा जोड दिने ।
- दलित, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गरिब, विछाडिपारिएका वर्ग तथा विपन्न वर्गको आर्थिक, सामाजिक, शैक्षिक, बौद्धिक सशक्तीकरण गर्ने तथा सूचना केन्द्र, पुस्तकालय, प्रकाशन, साक्षर बनाउने आदि कार्यक्रमहरु सञ्चालन गर्ने ।
- समान उद्देश्य रहेका अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाहरू सँग समन्वय र सहकार्यको विकास गर्ने तथा एक अर्काको अनुभवबाट सिक्ने-सिकाउने, साथै अन्तरधार्मिक कृयाकलापवाट बिकास निर्माण तथा समृद्ध समाज वनाउन सघाउ पुर्याउने ।
- गाउँ तथा शहरका दलित, अपाङ्गता भएका व्यक्ति तथा अति गरीबहरूलाई सङ्गठित गरी विपन्न वर्गको लागी आयआर्जन कार्यक्रम, सीप विकास तालिम, लघु उद्यमको स्थापना र वैकल्पिक ऊर्जा प्रवर्द्धन, जलवायु अनुकुलन योजना निर्माण जस्ता कार्यक्रमहरू मार्फत् समुह निर्माण गरी गरीबी निवारणमा सहयोग पुर्याउने ।
- विकास प्रक्रियामा लोकतान्त्रिकरण, समावेशीकरण, सहभागिता र सुशासन प्रवर्द्धन गर्न समुदायको क्षमता अभिवृद्धिका लागी कार्यक्रम तथा पैरवी गर्ने ।
- ग्रामीण क्षेत्रमा व्याप्त स्वास्थ्य र पोषण समस्या समाधान गर्नका लागि सम्बन्धित सरकारी तथा दातृ निकायसँग मिलेर सामुदायिक स्वास्थ्य तथा पोषण कार्यक्रम संचालन एबं प्रबर्द्धनका कामहरु गर्ने ।
- प्रकोप पूर्ब तयारी सचेतना कार्यक्रम चलाउनुका साथै विपत्तिका बेला पीडितहरूको सहयोग र उद्धारका लागि सरकारलाई सघाउने र वातावरणिय अनुकुलता, खानेपानी तथा सरसफाई सम्बन्धि कार्य गर्ने ।

**संस्थाको मुल्यमान्यता :**

- समुदाय प्रति जवाफदेहिता र पारदर्शिता
- लैगिंक समानतामा जोड दिने ।
- वातावरण प्रति सचेत
- सत्यता र इमान्दारिता
- गरिब तथा छेउ पारिएकाहरुका लागी विशेष वास्ता र प्रेम
- शान्ति र मेलमिलाप
- जवाफदेहिता र पारदर्शिता

**भोगौलिक कार्यक्षेत्र :-** कपिलवस्तु जिल्ला

**संस्थाको प्रमुख कार्यक्षेत्र :**

| क्षेत्र | परिभाषा |
|---|---|
| शिक्षा | गुणस्तरिय शिक्षाका लागी अपौचारिक र अनौपचारिक, जीवन मुखी शिक्षा, बैकल्पिक शिक्षा |
| स्वास्थ्य खानेपानी तथा सरसफाई | प्रजनन तथा बाल स्वास्थ्य र अधिकार, सामुदायिक स्वास्थ्य स्वच्छ सुरक्षित खानेपानी तथापूर्ण सरसफाई, |
| विपद, जयवायू परिवर्तन जोखिम न्यूनीकरण तथा व्यवस्थापन | विपद जोखिम (जलवायु परिवर्तन) पहिचान, योजना तर्जुमा तथा कार्यान्वयन विपद पूर्व तयारी, प्रतिकार्य, न्यूनीकरण, पुर्नलाभ, समावेशी विपद ब्यवस्थापन जलवायु परिवर्तनको अनुकुलन तथा परिवर्तन |
| खाद्यय सुरक्षा, पोषण तथा उद्यमशील जीवीकोपार्जन | कृषि, गैर कृषि, उत्पादन तथा नवीनतम प्राविधि प्रवर्द्धन र हस्तान्तरण तथा पोषण युक्त खानाको उपयोग र उपभोग |
| पैरवी (लैगिंक समानता, मानव अधिकार तथा सामाजिक समावेशीकरण ) | लैगिंक समानता, बाल विवाह, जातिय विभेद, ब्यक्तिगत घटना, अपाङ्गता भएको व्यक्ति, शान्ती निर्माण, द्धन्द ब्यवस्थापन, आत्म निर्णय, सामाजिक मुल्यमान्यता, नितिनियमको कार्यान्वयन आदि । |

**लक्षित वर्गहरु :**

- दलित, विपन्न व्यक्ति, महिला, किशोरी किशोर, पिछडावर्ग, यौनिक तथा लैगिंक अल्पसंख्यक आदि )

- द्वन्द बाट प्रभावित व्यक्ति, अपाङ्गता भएको व्यक्ति, तथा जोखिम पूर्ण अवस्थामा रहेका व्यक्ति वा समुदायहरु ।

**संस्थाको रणनीतिहरु :**

- सहकार्य
- साझेदारी,
- क्षमता अभिबृद्धि,
- संजालीकरण,
- हानी नगरौं

**संस्था दर्ता तथा आवद्धता :-**

| संस्था | दर्ता नं./मिति |
|---|---|
| जिल्ला प्रशासन कार्यालय | ३७१/०६१/०५/०२ |
| स्थायी लेखा नम्बर | पाना ३०१७७५२२१ ०६१/११/१८ |
| समाज कल्याण परीषद, लैनचौर, काठमाण्डौ | २०५२३ ६३/०६/०८ |
| आयकर छुट हुने संस्था दर्ता प्रमाण पत्र | च.न. १८७१. ६५/१०/०९ |
| गैसस महासंघ नेपाल, बुद्धनगर र दलित गैसस महासंघ, काठमाण्डौ | २०६३ |
| मधेशी गैसस महासंघ, काठमाण्डौ | ०५५/०६४/०८/१३ |
| शिक्षाको लागि राष्ट्रिय अभियान | २०७४ |
| प्रकोप पूर्व तयारी संजाल नेपाल ( डिपीनेट) | २०७९ |

**सरोकारवालाहरु :**

- वडा र पालिकाहरु
- जिल्ला समन्वय समिति
- जिल्ला प्रशासन कार्यालय
- स्वास्थ्य तालिम केन्द्र, बुटवल
- पत्रकारहरु
- सम्बन्धित निकाय
- निजी सेवा प्रदायक
- गैससहरु

**साझेदार सहयोगी निकाय**

- यूनाईटेड मिशन टु नेपाल
- केएनएच
- आई एम स्वीडिस डेभलबमेन्ट पार्टनर
- युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय काठमाडौ
- केएर नेपाल
- यूनिसेफ
- सर्च फर मिडिया
- पालिकाहरु
- जिल्ला स्थित सरकारी कार्यालयहरु

**हालमा संचालित कार्यक्रमहरु :-**

१. जीविकोपार्जन तथा वातावरण सुधार द्वारा समुदायको उत्थानशिलता सबलीकरण (जीवन सुधार) परियोजना ( यूएमएन)
२. हाम्रो पहुँच परियोजना (केएनएच)
३. हाम्रो शक्ति परियोजना (आईएम)
४. मानसिक स्वास्थ्य परियोजना (यूएमएन)
५. स्थानीय सरकार संगको पैरवी परियोजना (यूनेस्को)
६. चिकिस्ता पुर्नस्थापना परियोजना (एमआरपी)
७. परिवर्तनका लागि बालबालिका, युवा तथा समुदाय परियोजना
८. आरएडी

**नमुना गतिविधि कार्यहरु**

- पुरुष बीच खाना पकाउने प्रतियोगिता
- किशोरी द्वारा भलिबल खेल
- किशोरीकिशोर द्वारा नाटक प्रर्दशन
- रक्षा बन्धन
- पोखरी निर्माण
- दुध डेरी
- भर्मिक कम्पोष्ट मल तयार
- मानसिक स्वास्थ्य शिविर
- सहभोज कार्यक्रम
- अन्तर पुस्ता संवाद
- जोडी छलफल र नमुना जोडी सम्मान

स.क.प.आ.२०५२३/०६३ जि.प्र.का.क.ब.द.नं.३७१/०६१

# दलित सामाजिक विकास केन्द्र

## DALIT SOCIAL DEVELOPMENT CENTER-DSDC

क.व.न.पा.५, कपिलवस्तु

२०६१




सम्पर्क ठेगाना :
फोन नं. ९८०१९४२६६२
ईमेल dsdc2061@gmail.com
क.व.न.पा.५, डँगरी कपिलवस्तु